# युवा तथा खेलकुद मन्त्रालयको प्रेस विज्ञप्ती

नेपाल सन् २०१९ मार्चमा १३औं दक्षिण एशियाली खेलकुद प्रतियोगिता आयोजक रहेको र सोका लागि काठमाडौ र पोखरामा खेल पूर्वाधार निर्माणको कार्य राष्ट्रिय खेलकुद परिषदमा भइरहेको छ ।उक्त प्रतियोगिताका लागि पूर्वाधार निर्माण तथा तयारी कार्यको निरीक्षण अनुगमन र सहजीकरण मन्त्रालयबाट हुँदै आएको छ । यसै सन्दर्भमा आज मिति २०७५ वैशाख २७ गते माननीय युवा तथा खेलकुद मन्त्री जगतबहादुर विश्वकर्मा र सचिव मोहनकृष्ण सापकोटा सहितको मन्त्रालयको टोलीबाट दशरथ रंगशालाको पुनर्निर्माण तथा मर्मत सम्भार लगायत सम्पूर्ण पूर्वाधार निर्माण कार्यको प्रगतिको आकस्मिक निरीक्षण अनुगमन गर्ने कार्य भयो । निरीक्षणबाट रंगशाला पुनःनिर्माण तथा मर्मतको कार्य निर्धारित समयमा सम्पन्न गर्ने गरी कार्यतालिका बनाई कार्य गर्न निर्देशन दिइयो। साथै माननीय युवा तथा खेलकुद मन्त्रीज्यूबाट राष्ट्रिय खेलकुद परिषद्को कार्यालय व्यवस्थापन चुस्त र दुरूस्त बनाउन र कर्मचारीहरूको उपस्थिति नियमितता र सेवा प्रवाहमा ध्यान दिन निर्देशन दिनुभयो।

महेन्द्र पौड्याल

सह–प्रवक्ता
युवा तथा खेलकुद मन्त्रालय
मितिः २०७५ वैशाख